परिवर्तनका लागि एक नयाँ आवाज

# टक नेपाल

Talk Nepal National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाईन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

•वर्ष १ •अंक ३२१ •२०७९ साल माघ ९ सोमबार •(23 January-2023) •पृष्ठ ४ •मुल्य रु ३।- www.talknepaltv.com

## बर्दिवास अस्पतालमा शल्यक्रिया शुरु

टक नेपाल, महोत्तरी । महोत्तरीको बर्दिवास अस्पतालमा शल्यक्रिया सुरु भएको छ। माघ ४ गते बुधवार अस्पतालको उद्घघाटन भए संगै आज शनिवार पहिला शल्यक्रिया सफल भएको छ। आज भएको पहिलो शल्यक्रिया दुई जना गर्भवती महिलाका सफल शल्यक्रिया भएको अस्पतालका अध्यक्ष जय नरायण शर्माले बताउनु भयो । उनका अनुसार, गौशला नगरपालिका वडा १ कुसमारी की हिरामाया भट्टराई लाई शनिवार बिहान बेथा चलेपछि बर्दिवास अस्पतालमा ल्याएर ए एन सि भित्र चेक गरिएपछि उनलाई दिउँसो अस्पतालको विशेषज्ञ डाक्टरहरु वाट सफल शल्यक्रिया गरिएको अध्यक्ष शर्माले बताउनुभयो। उनी संगै आएकी मिथिला नगरपालिका वडा ८ तुलसी की अम्बीका सुन्दासलाई दिउको वेथा लागेर बर्दिवासमा भेकजाचगर्नेक्रममापेटमारहेकोबच्चाले फोहर खाएपछि उनलाई पनि दिउसो ४ बजे एक्कासी शल्यक्रिया गराउर्नु परेका अध्यक्ष शर्माले बताउनुभयो । बर्दिवास अस्पतालकी मेडिकल सुपरिन्टेन्डेन्ट डा. कृष्णा महर्जलका अनुसार अस्पतालमा पहिलो शल्यक्रिया भएको हुनाले शल्यक्रिया सफल हुन्छ वा हुदैन भनिएपछि विरामीहरुका आफन्तलाई हामीले भनियो, हामी संग वरिष्ठ डाक्टरहरु रहेका छन तपाईहरुलाई कुनै चिन्ता मान्नु पर्दैन , भनिए पछि विरामीका आफन्तले पुन : शल्यक्रिया गराउन सहमती भएको बताउनुभयो । आज गरिएको सफल शल्यक्रियामा अस्पतालका म संगै डा. किशोर अधिकारी ,उदय प्रताप दिवाकर, सिनियनर नर्स चन्दीका अधिकारी, एनेस्थेसियामा बिनोद कुमार सिंह, कनक पान्डे साथै स्टाफ नर्स रिता यादब ओटि असिस्टेन्ट राजेश साह , शर्मिला ठकुरी समेतको सन्युक्त टोलिबाट शल्यक्रिया सम्पन्न गरिएको डा.महर्जलले बताउनुभयो । स्थानीय सरकार आए लगतै बदिवासका नागरिकको जनजीवनसँग जोडिएको स्वास्थ्य, शिक्षा, सडक, खानेपानी लागायतका क्षेत्रमा उल्ले ख्यनीय परिवर्तन भएको गौशला नगरपालिका १ कुसमारी बस्ने अस्पतामा विरामिको कुर्वा बस्न आएको सुनिल भट्टराईले बताए । उन्ले भने यस वर्दिवास नगरपालिका र गौशला नगरपालिकामा अकाश पतालको फरक हरेको छ। हाम्रो नगरपालिकाका नगरवासीले नागरिकको जनजीवनसँग जोडिएको क्षेत्रमा खासै परिवर्तको महसुस गर्न नसकिएपनि बर्दिवास नगर पालिको मेयर प्रहलाद कुमार क्षेत्रीले यस नगरपालिकाको आम जनतालाई यसको महसुसमा टेवा पुऱ्याउदै गईरहनु भएको सेवाग्रही भट्टराईले बताए। यता बर्दिवास नगरपालिकका मेयर प्रहलाद कुमार क्षेत्रीले भन्नुभयोँ, बर्दिवास अस्पताको प्रगति प्रति धरैनै खुसी भएको छु । अस्पतालका डाक्टर नर्स र अस्पताल व्यवस्थापन समिले लाई आज भएको पहिलो सफल शल्यक्रिया प्रति मलाई थप प्रेरण मिलेको छ । निरर्वाचन भए लगतै नगरपाकिलको कुर्सिमा बस्दै गर्दा,मैले भनेको थिए यस बर्दिवास नगरपालिका स्वास्थ्य, सेवा बाट कुनै पनि जनता बन्चित हुनुहुदैन त्उसको फल स्वरुप मैले सरोकारले दिदै गरेको प्रतोसाहन भत्ता भन्दा थाप हाम्रो नगरपालिकाको सरकारी अस्पतलमा सुत्केरीहरुलाई एक हजार गरि जम्मा दुईहजार र नियमित स्वाथ्य चेकजाच ठहर भएपछि आठ सय गरि जम्मा २८ सय दिने नगर प्रमुख क्षेत्रीले बताउनुभयो ।



## मधेश प्रदेश : मन्त्रीमण्डल विस्तारमा ढिलाइ

टक नेपाल, जनकपुरधाम । मधेश प्रदेश सरकारको विस्तारमा ढिलाइ हुने भएको छ । प्रदेशका मुख्यमन्त्री सरोज कुमार यादव र ३ जना मन्त्रीले सपथ लिएको ८ दिन बितिसक्दा पनि मन्त्रीमण्डलल पूर्णता पाएको छैन् । मन्त्रीमण्डल विस्तारको विषयमा जनता समाजवादी पार्टी(जसपा)का अध्यक्ष उपेन्द्र यादव र मधेश प्रदेशका मुख्यमन्त्री यादवबीच शनिबार काठमाण्डुमा भेटवार्ता भएको छ । स्रोतका अनुसार संघीय सरकारको जसपाप्रतिको दृष्टिकोण प्रष्ट भएपछि मात्र मधेश प्रदेश सरकारले पूर्णता पाउने छ । 'केन्द्र सरकारमा जसपाको सहभागिता र सहमतिलाई कुरिएकोछ ' स्रोतले भने, मधेश प्रदेश सरकारको विस्तारमा अझै केही दिन समय लाग्न सक्छ। मुख्यमन्त्री र तीन जना मन्त्रीले शपथग्रहण लिएका छन् । मन्त्रीहरुको अहिले विभाग बाँडफाँट भइसकेको छैन् । बिनाविभागीय मन्त्रीहरुलाई चाँडै मन्त्रालयको टुँगो लाग्ने स्रोतले जनाएको छ ।




उच्चस्तरीय स्रोतका अनुसार जसपाबाट मन्त्री बनेका सञ्जय यादवलाई अर्थ, नेकपाएमालेबाटमन्त्रीबनेका सरोज यादव(महोत्तरी) लाई भौतिक पूर्वाधार विकास र जनमतबाट मन्त्री बने का ई.वसन्त कुशवाहालाई कृषि मन्त्रालयको जिम्मेवारी दिइने छ । 'मन्त्रीमण्डलको विस्तार सत्तारुढ गठबन्धन दलहरुको सहमतिमा केही दिन पछि हुनेछ' उच्चस्रोतले भने, सत्तारुढ दलहरुबीच मन्त्रालयको विषयमा सहमति कायम भइसकेको छ।

*-बाँकी पृष्ठ ३ मा*

## महोत्तरीमा हत्याको आरोपमा फरार अभियुक्त दुई वर्षपछि पक्राउ


टक नेपाल, महोत्तरी । महोत्तरीको पिपरा गाउँपालिका-५ का एक दम्पतीको हत्यामा संलग्न रहेको आरोपमा एक आरोपित दुई वर्षपछि पक्राउ परेका छन् । पक्राउ पर्नेमा स्थानीय ७२ वर्षीय तेजनारायण झा रहेका छन् । हत्या गरिएका मुसाफिर झा र उनकी श्रीमती गीतादेवी २०७७ फागुन ११ गते घर बाटै अपहरणमा परेका थिए। व्यापक खोजतलास गर्ने क्रममा हत्या गरी बोरामा राखेर गाडेको अवस्थामा २०७७ चैत १२ गतेमा पिपरा गाउँपालिका-२ स्थित पिपराबाट मटिहानी जाने सडकमा गाडेको अवस्थामा कङ्काल फेला परेको थियो । घटना पश्चात अभियुक्त झा फरार भएका थिए ।



पक्राउ परेका झालाई नेपाल भारत सिमाना झापाको मेचीनगर नगर पालिका-६ बाट पक्राउ गरिएको महोत्तरीका प्रहरी नायव उपरीक्षक सन्तोष पोखरेलले जानकारी दिनुभयो । उहाँका अनुसार पक्राउ परेका झा भारतको गुवाहटी शहरमा पुजारीको काम गरी बेलाबेलामा काकडभिट्टा नाकाहुँदै घर आउजाउ गर्ने गरेका थिए । गोप्य सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगञ्ज, काठमाण्डौको सहयोगमा उनलाई पक्राउ गर्न सफल भएको जनाएको छ। घटनामा कैलाश झा, रामबाबु यादव, सुरेन्द्र यादव, राजेन्द्र भन्ने रजिन्द्र यादव र हरेन्द्र ठाकुर, तेज नारायण झा, तारा देवी झा, विकास भन्ने बब्लु कुमार झा समेतको संलग्नता रहेका आरोप छ । घटनामा संलग्न रहेको आरोपमा ७ जना पक्राउ परिसकेका थिए । तेजनारायण भने फरार थिए । पक्राउ परेकामध्ये महोत्तरी जिल्ला अदालतको आदेशमा तीनजना पुर्पक्षका लागि जेल चलान भइसकेका छन् भने ४ जना धरौटीमा छुटेका छन् ।



# विप्रेषण व्यवस्थित गर्न सरकार नीतिगत सुधारको तयारीमा : अर्थमन्त्री



टक नेपाल, काठमाडौं । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विप्रेषणलाई व्यवस्थित गर्न नीतिगत तथा कानुनी सुधारका लागि सरकार तयार रहेको बताउनुभएको छ। प्रवासी नेपालीमञ्च अमेरिकाले शनिबार राति आयोजना गरेको 'रेमिट्यान्स एण्ड इन्भेष्टमेन्ट इन नेपाल' विषयक कार्यक्रमलाई भर्चुअल माध्यमबाट सम्बोधन गर्नुहुँदै उहाँले विप्रेषणलाई वैधानिक माध्यमबाट भित्र्याउन र उत्पादनमूलक क्षेत्रमा लगानीको अनुकूल वातावरण तयार पार्न आवश्यक सहयोगका लागि सरकार तयार रहेको बताउनुभयो । अर्थमन्त्री पौडेलले भन्नभयो, 'बिप्रेषणको ठूलो हिस्सा बैधानिक प्रणालीबाट भित्र्याउन सकेका छैनौं, यसका लागि लिनुपर्ने नीति, गर्नुपर्ने निर्णय र दिनुपर्ने प्रोत्साहनका लागि सरकार तयार छ ।' विप्रेषणबाट भित्रिएको रकम उत्पादन, निर्माण र रोजगारीका साथै नयाँ अवसर सिर्जना गर्ने क्षेत्रमा लगानी गर्न सक्छौँ', उहाँले भन्नुभयो, 'त्यसका लागि नीतिगत र कानुनी क्षेत्रमा देखिएका समस्यालाई परिमार्जन र सुधार गर्न तयार छौँ ।' गैरआवासीय नेपालीले उठाएको नागरिकतासम्बन्धी चासोप्रति सरकारको ध्यानाकर्षण भएको बताउँदै मन्त्री पौडेलले भन्नुभयो, 'गैरआवासीय नेपालीको आर्थिक तथा सामाजिक अधिकारसहितको नागरिकता प्राप्त गर्ने संविधानमा हामीले जुन प्रबन्ध गरेका छौँ त्यो छिट्टै पूरा गर्ने गरी हामी अघि बढेका छौँ ।' उहाँले सहज ढङ्गले नागरिकता प्राप्त गर्न सकिने र नेपालमा लगानी गर्न थप अनुकूल परिस्थिति सिर्जना हुनेमा विश्वास व्यक्त गर्नुभयो। वैदेशिक लगानी तथा प्रविधिसम्बन्धी ऐनले गैरआवासीय नेपालीलाई विदेशी नागरिक सरह लिएको विषयप्रति आफ्नो ध्यानाकर्षण भएको भन्दै उहाँले त्यस विषयलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । गैरआवासीय नेपालीले नेपालमा आउँदा प्रवेशाज्ञा लिनुपर्ने विषयमा पनि ध्यान गएको भन्दै उहाँले नागिरकतासम्बन्धी विषय समाधान गरेसँगै यो समस्या पनि समाधान हुने बताउनुभयो। 'नेपालको आर्थिक विकासमा प्रवासमा रहेका गैरआवासीय नेपालीहरुको ठूलो योगदान छ। आागमी दिनमा अझ प्रभावशाली हुँदैछ', उहाँले भन्नुभयो, 'रेमिट्यान्स मात्रै नभइ वैदेशिक लगानीका निम्ति पनि नेपालको सद्भावना दूतका रुपमा प्रत्येक प्रवासी र गैरआवासीय नेपालीले भूमिका खेल्नुहुनेछ भन्नेमा विश्वास व्यक्त गर्दछु।' उहाँले नेपाल लगानीका निम्ति सुरक्षित स्थान भएको र प्रतिफल पनि दिने स्थान भएको भन्दै उहाँले यो सन्देश संसारभरका लगानीकर्ताका माझ पुऱ्याइदिन आग्रह पनि गर्नुभयो । कार्यक्रमका सहभागीहरुले विप्रेषणले नेपालको अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै नेपालको अर्थतन्त्र मजबुत पार्न कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार, मानवीय संशोधन, औद्योगिकरण, सेवा क्षेत्र, सामाजिक सुरक्षा लगायतमा जोड दिनुपर्ने सुझाव दिनुभएको थियो ।

# जनकपुरका दुई युवाको अपहरणपछि हत्या, पाँच जना पक्राउ

टक नेपाल, धनुषा । भारतको विहार घुमन गएको बेला जनकपुरधामका दुई युवाको अपहरणपछि हत्या गरेको आरोपमा पाँच जनालाई प्रहरीले पक्राउ गरेको छ। १३ दिनदेखि सम्पर्कविहीन भएका जनकपुरधाम उपमहानगरपालिका-८ का २१ वर्षका रोहित साह र वडा नं. १३ निवासी वर्ष २२ को विष्णु साहको शव माटोमा गाडेको अवस्थामा आज (आइतबार) बिहान साढे २ बजे भारतीय प्रहरीले फेला पारेको थियो । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी उपरीक्षक विश्वराज खतिवडाले रोहित र विष्णुको अपहरण गरी फिरौती नदिएपछि डोरीले घाँटी थिचेर हत्यारा गरेको अवस्थामा भारतीय प्रहरीले शव फेला पारेको जानकारी दिनुभयो। रोहित र विष्णु पुस २७ गते भारत घुम्न गएको बेला अपरणमा पर्नुभएको थियो । त्यसपछि अपहरणकारीले उहाँहरू दुवै जनाको परिवारसँग १० लाख रुपियाँ माग गरेका थिए। यसबारे परिवारले पुस २९ गते प्रहरीलाई मौखिक जानकारी दिएका थिए । जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवम् प्रहरी नायब उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले अपहरणमा परेका युवाका परिवारले प्रहरीलाई मौखिक जानकारी दिएपछि भारतीय प्रहरीसँगको समन्वयमा रोहित र विष्णुको शव भारतको सितामढी जिल्लाको बेला पर्सा थाना क्षेत्रमा माटोमा गाडिएको अवस्थामा फेला परेको बताउनुभयो। विष्णुलाई लिएर रोहित भारतको सितामढी जिल्लाको बेला परिहार बस्ने आफन्तको घर गएको बेलामा



अपहरणमा परेका थिए । मृतक विष्णुका परिवारलाई अपहरणकारीले मोबाइलमा फोन गरी फिरौतीको माग भइरहेको विषयमा धनुषा प्रहरीलाई जानकारी दिएका थिए । त्यसपछि सीमा क्षेत्रका प्रहरीसँग समन्वय गर्नका लागि जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षकको कमाण्डमा मधेश प्रहरी कार्यालयका प्रहरी निरीक्षक सहितको टोली घटना क्षेत्रमा परिचालित भएका थिए । बरामद शव पोष्टमार्टमका लागि भारतको विहार राज्यको सीतामढीस्थित सदर अस्पताल लगिएको छ । साथै मृतमका आफन्त पनि सो ठाउँमा पुगी शवको सनाखत गर्ने काम भएको प्रवक्ता क्षेत्रीले बताउनुभयो । यसैबीच अपहरण तथा हत्याको अनुसन्धानको क्रममा भारतीय प्रहरीले तीन र नेपाल प्रहरीले दुई जनालाई नियन्त्रणमा लिएको छ । घटनामा संलग्न रहेको आरोपमा पाँच जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जानकारी जिल्ला प्रहरी कार्यालय धनुषाका प्रमुख एवम् प्रहरी निरीक्षक खतिवडाले दिनुभयो । नेपाल प्रहरीले महोत्तरी जिल्ला मनरासिसवा वडा नं.२ घर भएका वर्ष २४ का किसानकुमार पण्डित र वर्ष २४ का मुकेश पासवानलाई पक्राउ गरी अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ।

# सोनाम ल्होसार पर्वले सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि गर्छ : राष्ट्रपति

टक नेपाल, काठमाडौं । राष्ट्रपति विद्यादेवी भण्डारीले बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक विविधतायुक्त नेपाली समाजमा सोनाम ल्होसार जस्ता पर्वबाट सबै नेपालीबीच आपसी सद्भाव, सहिष्णुता र बन्धुत्वको भावना अभिवृद्धि हुने बताएकी छन् । सोनाम ल्होसारको अवसरका एक शुभकामना सन्देश दिँदै उनले सोनाम ल्होसार पर्वले सबै नेपाली बीचको एकतालाई अझ सुदृढ गर्दै आर्थिक र सामाजिक रूपले समृद्ध मुलुक निर्माण गर्नका लागि अघि बढ्न सबैलाई ऊर्जा प्रदान गरोस् भन्ने कामना गरेकी छन् । राष्ट्रपतिले यस्ता चाडपर्वले बृहत् राष्ट्रिय एकतालाई थप सुदृढ गर्न मद्दत पुग्नेछ भन्ने विश्वास लिएको उल्लेख गरेकी छन् । तामाङ समुदायको पर्व सोनाम ल्होसारका अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा सुख, शान्ति, सुस्वास्थ्य र समृद्धिका लागि शुभकामना व्यक्त गरेकी छन् । सोनाम ल्होसार पर्व तामाङ समुदायको नयाँ वर्षको रूपमा प्रत्येक वर्ष माघ शुक्ल प्रतिपदाको दिन मनाइन्छ । यस पर्वमा तामाङ समुदायले कुल पूजा, प्रकृति पूजा र बुद्धका सन्देशको स्मरण गर्नुका साथै आफन्तजन भेला भई मनोरञ्जन गर्दै आपसमा खुसी आदानप्रदान गर्ने गर्दछन् । मुलुकका विभिन्न स्थानमा बसोबास गर्ने तामाङसहित ह्योल्मो, थकाली, जिरेल, नेस्याङ्वा, भोटे, दुरा, लेप्चाआदि जातिहरूले आआफ्नै शैली र परम्पराअनुसार यो पर्व मनाउँदै आएको पाइन्छ ।

# दुई जना स्वतन्त्र सांसद जसपामा प्रवेश



टक नेपाल, महोत्तरी । महोत्तरी जिल्लाको क्षेत्र नं. २ (ख) बाट निर्वाचित स्वतन्त्र सांसद सरिता साह र पर्सा जिल्लाको क्षेत्र नं. ३ क बाट निर्वाचित स्वतन्त्र सांसद प्रमोदकुमार जैसवाल जनता समाजवादी पार्टी, नेपालमा प्रवेश गर्नुभएको छ । आज पार्टी कार्यालयमा अध्यक्ष उपेन्द्र सांसदद्वयलाई र खादा केन्द्रीय पार्टीका यादवले अवीर लगाएर पार्टी प्रवेश गराउनुभएको सो पार्टीका प्रचार विभागका प्रमुख पूर्ण बस्नेतद्वारा जारी विज्ञप्तिमा उल्लेख गरिएको हो ।

## आवश्यक टेलिफोन नम्बरहरु

| | | | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल | १०० | IRDs समाज सहकारी अस्पताल | ५५०४०१ |
| जिल्ला प्रहरी कार्यालय जलेश्वर | ५२०१९९ | सिटि केयर हस्पीटल वर्दिवास | ५५०५२७ |
| ईलाका प्रहरी कार्यालय बर्दिबास | ५५०००६ | छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला ट्रा.प. कार्यालय | ५५००५५ | ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| नेपाल पत्रकार महासंघ, महोत्तरी | ५२०५१५ | बर्दिवास दुरसञ्चार | ५५०००० |
| शुभ स्वस्तिक हस्पिटल | ५५०२५५ | नेपाल रेल्वे जनकपुरधाम | ५२०२११ |
| बर्दिबास अस्पताल | ५५००९० | जनकपुर आँखा अस्पताल | ५२०३९७ |
| रेडक्रस एमबुलेन्स | ५२०१०० | प्रदेशिक अस्पताल जनकपुरधाम | ५२००३३ |
| वारुण यन्त्र (दमकल) | ५२००९७ | सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| नेपाल विद्युत वितरण केन्द्र, गौशाला | ५५६०८९ | एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाभिजा) | ०४१-६२०४९१, ९८०४८१५१२६ |
| जलेश्वर अस्पताल | ५२००७० | | |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ | एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ | एम्बुलेन्स (मारवाडी सेवा समिति) | ५२२७६२, ५२१७८४ |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ | एम्बुलेन्स (जानकी मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ | महाविर युवा कमिटी एम्बुलेन्स | २५९८० |

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | सामाजिक तथा धार्मिक कार्यमा रुचि बढ्नेछ। | तुला | आज विपरित वर्गबाट विशेष सहयोग मिल्नेछ। |
| बृष | आज निर्णय कार्यान्वयन हुन सक्दैनन्। | वृश्चिक | आज लाभहानी, आयव्यय, सुखदु:ख बराबरी खालको समय रहनेछ। |
| मिथुन | आज प्रेम जीवन सुखद् रहनेछ। | धनु | आज आज जोशजाँगर र उमङ्ग बढ्नेछ। |
| कर्कट | कुनै समाचारले मनमा शान्ति छाउनेछ। | मकर | मन भावुक र उत्ताउलो बन्नसक्छ। |
| सिंह | आज परिणाममुखी जिम्मेवारी वहन गर्ने समय आएको छ। | कुम्भ | आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ। |
| कन्या | आज जिद्दीपनाले गर्दा काम बिग्रने डर छ। | मीन | सजिलै अरूको मन जित्न सकिनेछ। |

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।

## ....सम्पादकीय

# सभामुखका चुनौती

विगतमा सहमतिको आधारमा प्रतिनिधिसभाको सभामुख निर्विरोधरूपमा निर्वाचित हुँदै आए पनि यसपटक निर्वाचनको नाममा दलहरू जसरी पक्ष-विपक्षमा विभाजित भएका छन्, त्यसले नवनियुक्त सभामुख देवराज घिमिरेलाई चुनौती थपिदिएको छ। सभामुख कुनै दलविशेषको भन्दा पनि सदनको ‘साझा नेता’ भन्ने मान्यता एक हिसावले खण्डित भएको छ। यद्यपि, आगामी दिनमा घिमिरेले गर्ने अभ्यासका आधारमा उनी साँच्चै सदनका साझा नेता बन्छन् कि कुनै पार्टी विशेषको चाहनामा चल्छन् भन्ने कुरा देखाउने नै छ। विशेषगरी घिमिरेले आफनो पार्टी एमालेसँगको सम्बन्धलाई कस्तो बनाउँछन् र अन्य दल एवं सांसदप्रति कस्तो व्यवहार गर्छन् भन्ने कुराले उनको तटस्थता निर्धारण गर्नेछ। नवनियुक्त सभामुख घिमिरेले आफनो पार्टी एमालेसँगको सम्बन्धलाई पदमा रहुन्जेल विच्छेद गर्नुपर्ने र सबै दलको सहमतिका आधारमा सदन चलाउनुपर्ने आवाज उठेको छ। विशेषगरी प्रतिपक्षी दलहरूले यो आवाज उठाउँदै आएका छन्। यो अवस्थामा घिमिरेले सबै पार्टी र सांसदसँग समदूरीको सम्बन्ध अपनाउँदै सहमतिका आधारमा संसद्का कारबाही सञ्चालनको अभ्यास गरे उनी साझा नेता बन्नेछन् अन्यथा उनलाई कुनै पार्टीविशेषको पक्षपोषण गरेको आरोप मात्रै लाग्ने छैन, हरेक कुरामा संसद् विभाजित बन्नेछ। त्यसो त नीति निर्माण गर्ने थलोका रूपमा रहेको संसद्मा पक्ष/विपक्षमा तर्क हुने गर्छ। तर तर्क गर्ने नाममा पार्टीविशेषका आधारमा पक्ष-विपक्ष हुनैपर्छ भन्ने छैन। कतिपय मुद्दामा दलहरू सहमतिको साथ अघि बढ्न सक्छन् भने कतिपय मुद्दामा सांसदबीच मतभिन्नता रहन सक्छ। अनि केही विषयमा चाहिँ पार्टीगतरूपमा नै भिन्नता हुन सक्छ। तर, अहिले भएको निर्वाचनलाई आधार बनाएर हरेक विषयमा दलबीच मतभिन्नता भयो भने त्यसले समग्र लोकतान्त्रिक प्रक्रिया र संसदीय प्रणालीलाई नै कमजोर र बदनाम बनाउन सक्छ। त्यसैले पनि नवनियुक्त सभामुख घिमिरेदेखि संसद्मा प्रतिनिधित्व गर्ने सबै दलले यो पक्षलाई हेक्का राख्नैपर्छ। यसपटक दलबीच गठबन्धन भत्कने र नयाँ बन्ने प्रक्रियाका कारण पनि तत्कालको आवेगका आधारमा सभामुखको निर्वाचनमा दलहरू विभाजित भएका देखिन्छ। जस्तो कि नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एस, जसपा र राष्ट्रिय जनमोर्चाको गठबन्धन भएकामा निर्वाचनमा आइपुग्दा जसपा र निर्वाचनपछि नेकपा माओवादी केन्द्रसमेत त्यो गठबन्धनबाट बाहिरियो। बरु, निर्वाचनअघि एक अर्काका कटु आलोचक रहेका दुई दल एमाले र माओवादी केन्द्र एउटै गठबन्धनमा मात्रै उभिएनन्, उनीहरूले राप्रपा, रास्वपा, नागरिक उन्मुक्ति, जनमतलगायतका दललाई पनि समेटेर नयाँ गठबन्धन बनाए। र, यो नयाँ गठबन्धनबाट माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री भएका छन्। त्यसको सट्टामा माओवादी केन्द्रले सभामुख र राष्ट्रपतिमा एमाले उम्मेदवारलाई समर्थन गर्ने जनाइए पनि प्रधानमन्त्री दाहालले विश्वासको मत लिँदा जे/जसरी कांग्रेसले समर्थन गऱ्यो, त्यसले गठबन्धनमा शंका ल्याउने काम गरेको हो। तर सभामुखको निर्वाचनमा सत्ता गठबन्धन दलहरू एकै ठाउँमा उभिएका छन्।

टक नेपाल
राष्ट्रिय दैनिक
“परिवर्तनको एक नयाँ आवाज”

# जनकपुरधाममा अन्तर्राष्ट्रियस्तरको व्यापारिक मेला हुने




टक नेपाल, जनकपुरधाम। मधेस प्रदेशको राजधानी जनकपुरधाममा पहिलो पटक अन्तर्राष्ट्रियस्तरको ‘जनकपुरधाम व्यापार मेला २०७९’ आयोजना गर्न लागिएको छ। राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारी तथा प्रतिष्ठानलाई एउटै छानामुनि सहभागी गराई अनुभव आदानप्रदान तथा व्यापारको नयाँ आयाम एवं सम्भाव्यता सिर्जना हुने आशाका साथ व्यापारिक मेलाको आयोजना गर्न लागिएको जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठले बताउनुभयो। मेलामा स्वदेशी तथा स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्ने प्रमुख उद्देश्यलगायत सार्क राष्ट्र भारत, पाकिस्तान र बङ्गलादेशका विभिन्न क्षेत्रका व्यापारीको पनि सहभागिता रहने आयोजक महासेठले बताउनुभयो। औद्योगिक अवसरको सम्भावित अध्ययन तथा क्षेत्रीयस्तरमा लगानी गरी विदेशबाट आउने व्यापारी तथा उद्योगीलाई प्रोत्साहित गरी स्थानीय तथा अन्तर्राष्ट्रिय व्यापारिक सम्बन्धमा विस्तारका लागि सहकार्य गरिने अध्यक्ष महासेठले आज जनकपुरधाममा पत्रकार सम्मेलनमा बताउनुभयो। महासेठले पत्रकार सम्मेलनमा यस बृहत् मेलाले पर्यटन विकासमा समेत टेवा पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो। आगामी फागुन ५ देखि १४ गतेसम्म जनकपुरधामस्थित तिरहुतिया गाछी परिसरमा आयोजना हुने जनकपुरधाम व्यापार मेलामा एक सय ५० भन्दा बढी कक्ष रहनेछन्। उक्त मेलामा एक लाखभन्दा बढी अवलोकनकर्ताको आगमन हुने अपेक्षा गरिएको सङ्घका महासचिव मनोजकुमार साहले बताउनुभयो। कार्यक्रमको मुख्य आयोजक जनकपुरधाम उद्योग वाणिज्य सङ्घ तथा सहआयोजक सिया इभेन्टस रहेको छ। व्यापार मेलामा पाइने विशेष सामानमा अटोमोबाइल्स, गार्मेन्टस, कन्स्ट्रक्सन बैंक, होम सप्लायर्स, हेल्थ एन्ड फिटनेस, छालाजन्य उत्पादन, किचेनवेयर तथा यस क्षेत्रका स्थानीय एवं नवीनतम उत्पादन रहने सङ्घका वरिष्ठ उपाध्यक्ष मनिस साहले बताउनुभयो।

## विष्णु गाउँपालिकाको बजेट छ महिनापछि पारित

टक नेपाल, सर्लाही। सर्लाहीको विष्णु गाउँपालिकाले लामो समयपछि बजेट पारित गरेको छ। बजेट बाँडफाँटमा जनप्रतिनिधिबीच सहमति जुट्न नसक्दा बजेट पारित हुन सकेको थिएन। स्थानीय तहले प्रत्येक वर्ष असारमै नीति तथा कार्यक्रम र बजेट पारित गर्नुपर्ने भए पनि विष्णु गाउँपालिकाले भने माघ ४ गते मात्रै नीति तथा कार्यक्रम र बजेट एकैसाथ पारित गरेको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सञ्जीव सापकोटाले जानकारी दिनुभयो। ‘जनप्रतिनिधिबीच सहमति जुट्न नसक्दा नीति तथा कार्यक्रम पारित हुन सकेको थिएन’, उहाँले भन्नुभयो, ‘लामो समयपछि राजनीतिक सहमति जुटेपछि नीति तथा कार्यक्रम र बजेट दुवै पारित भएको हो।’ गाउँसभाले चालु आर्थिक वर्षका लागि रू ५० करोड ८७ लाख ८८ हजार नौ सय ८० बराबरको बजेट ल्याएको थियो। बजेट पारित नहुँदा गाउँपालिकाका कर्मचारीले गत साउनदेखि तलब पाएका छैनन्। ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, एकल महिलालगायतले पनि बजेट पारित नहुँदा सामाजिक सुरक्षा भत्तासमेत पाउन सकेका छैनन्। विकास निर्माणसँगै अन्य क्रियाकलाप ठप्प भएका छन्। प्रमुख प्रशासकीय अधिकृत सापकोटाले अब भने तलब, भत्ता, कार्यक्रम, योजना सबै नियमित चल्ने बताउनुभयो। पटक-पटक गाउँसभाको बैठक बस्ने प्रयास गरेको भए पनि सहमति जुट्न नसक्दा बजेट पारितमा ढिलाइ भएको गाउँपालिकाका अध्यक्ष जवाहारलाल राय यादवले बताउनुभयो।

## मधेश प्रदेश : मन्त्रीमण्डल............


मन्त्रालय नपाए पनि एमालेका मन्त्री यादव र जनमतका मन्त्री कुशवाहाले आवास सुनिश्चित गरिसकेका छन्। यादवले पूर्व भौतिक पूर्वाधार मन्त्रीको आवास रोजेका छन्। तर ई.कुशवाहाले पूर्व सामाजिक विकास मन्त्रीको आवास रोजेका छन्। भौतिक पूर्वाधारमा गत कार्यकालमा ३ जना मन्त्री फेरिएका थिए। तर सामाजिक विकास मन्त्रालयमा ५ वर्ष नै एकै जना नवलकिशोर साह (रामबाबु) मन्त्री रहेका थिए। भौतिक पूर्वाधारमा प्रारम्भमा सत्तासाझेदार राष्ट्रिय जनता पार्टी(राजपा) दलका नेता जितेन्द्र सोनल मन्त्री भएका थिए। जसपामा विवाद भएपछि लोसपा रोजेका सोनललाई मन्त्रीबाट बर्खास्त गरिएको थियो।त्यसपछि सत्तामा पुगेका नेपाली कांग्रेस दलका नेता रामसरोज यादवले सो मन्त्रालय सम्हालेका थिए। उनी पनि सत्ताच्युत भएपछि सो मन्त्रालय तत्कालीन मुख्यमन्त्री लालबाबु राउतले आफैसँग राखेका थिए। जसपाबाट मन्त्री बनेका यादवले हाल सम्म आवास सुनिश्चित गरेका छैनन्। तर उनले पूर्व अर्थमन्त्रीको आवासलाई रुचाएका छैनन्। उनको रोजाइमा पूर्व कृषि मन्त्रीको आवास पर्न सक्ने संभावना छ। निवर्तमान गृह तथा सञ्चार मन्त्री भरत साहले आवास खाली गरिसकेका छैनन्। उनी फेरि मन्त्री हुने विश्वासका साथ आवास खाली नगरेको बताइएको छ। मुख्यमन्त्री यादवले मधेश प्रदेशका शतप्रतिशत सभासदको समर्थन प्राप्त गरेका छन्। मधेश प्रदेश सभामा रहेका सबै दल र स्वतन्त्र सांसदहरुले उनलाई निशर्त विश्वासको मत दिएका छन्। भ्रष्टाचारमुक्त प्रदेश बनाउने प्रतिवद्धताका साथ अगाडि बढेका मुख्यमन्त्री यादवले त्यसका लागि उच्चस्तरीय छानबिन समिति समेत गठन गरेका छन्।

खुल्यो ! खुल्यो !! खुल्यो !!!
यही मंसिर २४ गते उद्घाटनको उपलक्ष्यमा OPD सेवा निःशुल्क र सम्पूर्ण सेवामा ५०% छुट दिईनेछ।
साई मल्टिस्पेसियालिटी हस्पिटल एण्ड ट्रमा सेन्टर
बर्दिबास-१, महोत्तरी
9801673409
9801673410
9801673411
9801673412
9801673415
हाम्रो सेवाहरु
५०% छुट
- २४ सै घण्टा इमेरजेन्सी सेवा
- HDU, ICU, NICU सेवा
- २४ सै घण्टा डिलेभरी सेवा
- २४ सै घण्टा ट्रमा (हाड जोर्नि एवं नशा)
- २४ सै घण्टा अपरेशन सेवा
- २४ सै घण्टा बाल रोग विशेषज्ञ सेवा
- २४ सै घण्टा भिडियो एक्स-रे सेवा
- २४ सै घण्टा ल्याब, प्याथोलोजी सेवा
- इण्डोस्कोपी/कोलोनोस्कोपी सेवा
- स्त्री तथा प्रसुती रोग विशेषज्ञ सेवा
- छाति, मुटु तथा पेट रोग विशेषज्ञ
- हाड जोर्नी तथा नशा रोग सेवा
- पेट, आन्द्रा, लिभर एवं छाती रोग विशेषज्ञ
- नाक, कान, घाँटी, आँखा, मुख तथा दाँत रोग सेवा

विशेषज्ञ डाक्टर द्वारा दैनिक OPD सेवा।
सम्पर्क स्थान: यातायात कार्यालयको सामुने बर्दिबास-१, महोत्तरी



# 'एमाले सांसद कोइरी पक्राउ नपर्नुमा गृह प्रशासन नै मुख्य दोषी' : रघुवीर महासेठ



टक नेपाल, काठमाडौँ । एमालेले कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी लक्ष्मी महतो कोइरी पक्राउ नपर्नुमा गृह प्रशासन नै मुख्य दोषी रहेको आरोप लगाएको छ। एमालेका सचिव रघुवीर महासेठले अदालतबाट दोषी ठहर भई फरार प्रतिवादीको सूचीमा रहेको सांसदलाई पक्राउ गर्न गृहमन्त्रीले नै निर्देशन दिईसकेको अवस्थामा किन पक्राउ गर्न सकिएन भन्दै प्रश्न गरेका हुन् । यो मामिलामा गृह प्रशासन नै दोषी भएको उनले दाबी छ । सांसद महतोलाई पार्टीले वा पार्टीका नेताहरूले संरक्षण गरेको आरोपमा कुनै सत्यता नरहेको उनले बताए। कोइरी प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिँदा संसद् भवनमा उपस्थित भएका थिए। 'सांसद संसद् भवन छिर्दा पनि प्रहरी बाहिरिँदा पनि प्रहरी हुन्छ । तर पनि उनी पक्राउ नपर्नुमा गृह प्रशासनको मिलेमतो हो', उनको भनाइ छ । उनले कानुनी कारबाहीबाट बचाउन पार्टीले कसैलाई प्रभावित नपारेको जिकिर गरे । सचिव महासेठले न्यायिक इजलासबाटै दोषी ठहर भएको व्यक्तिलाई गृहमन्त्रीले पनि निर्देशन दिनु नपर्ने धारणा राख्दै यसमा गृह प्रशासनकै कार्यशैली शङ्कास्पद भएको बताए । गृह मन्त्रालयले ज्यान मुद्दामा फरार एमालेका सांसद कोइरीलाई पक्राउ गर्न प्रहरीलाई लिखित निर्देशन दिएको दुई दिन बित्दासमेत उनी फेला परेका छैनन्। गृहमन्त्री रवि लामिछानेले यसअघि प्रहरीलाई मौखिक आदेश दिँदापनि उनी पक्राउ पर्न नसकेपछि लिखित रूपमै प्रहरी प्रधान कार्यालयलाई पत्राचार गरिएको मन्त्रालयका प्रवक्ता तथा सहसचिव फणीन्द्रमणि पोखरेलले विज्ञप्तिमार्फत जानकारी दिएका थिए । प्रहरीले उनको खोजी कार्य भइरहेको जनाए पनि पक्राउ भने पर्न नसकेका हुन्। मधेस आन्दोलनको क्रममा ज्यान गुमाएका सशस्त्र प्रहरीका जवान प्रेम बहादुर विकको हत्या प्रकरणमा महतोलाई उच्च अदालतले दोषी ठहर गरेको थियो । हत्या आरोपका बीच उनी महोत्तरी १ बाट सङ्घीय सांसदमा निर्वाचित भएका थिए । तत्कालीन राष्ट्रिय जनता पार्टीमै रहँदा मधेस आन्दोलनको क्रममा विकको हत्या भएको थियो ।

# सत्ता सहकार्यलगायतका विषयमा जनमत र जसपाबीच छलफल



टक नेपाल, काठमाडौँ । जनमत पार्टीले मधेस प्रदेशमा सहकार्य लगायतका विषयमा जनता समाजवादी पार्टी नेपालसँग छलफल गरेको छ । पार्टीका उपाध्यक्ष वसन्त कुशवाहा र महासचिव चन्दन सिंहलगायतका नेताहरुले जसपाका अध्यक्ष उपेन्द्र यादवसँग छलफल गरेका हुन् । बालकुमारीस्थित पार्टी कार्यालयमा भएको भेटघाटमा मधेस सरकार गठनमा मन्त्रालयको बाँडफाँट र मधेसमा छुट्टै गठबन्धन बनाउने विषयमा छलफल भएको बताइएको छ । मधेस प्रदेश सरकारको नेतृत्व आलो पालो गर्ने भनी जसपा र जनमतबीच सहमति भएको छ। जसपाले सुरुको चरणमा मुख्यमन्त्री बनाएको छ । मन्त्रिपरिषद् विस्तार हुन बाँकी छ । मन्त्रालय बाँडफाँटको विषयमा पनि छलफल भएको बताइएको छ । त्यस्तै, मधेसमा रहेका दलहरूको बीचमा एउटा छुट्टै गठबन्धन बनाउने विषयमा छलफल भएको स्रोतको दाबी छ ।

# जनमत पार्टीले उद्योग मन्त्रालय नै पाउने

टक नेपाल, काठमाडौं । नेकपा एमालेका दामोदर भण्डारी र जनमत पार्टीका अब्दुल खानको मन्त्रालय हेरफेरको तयारी गरिएको छ। जनमत पार्टीले उद्योग वा कृषिमन्त्रालयमा अडान लिँदै दुईमध्ये एक नपाए सरकारबाट बाहिरिने चेतावनी दिएको थियो । भण्डारी हाल उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री छन् । खानेपानी मन्त्रालयको जिम्मेवारी तोकिएका खानले भने शपथ लिएपनि पदभार ग्रहण गरेका छैनन् । सातदलीय गठबन्धनको शीर्ष नेतृत्वमा भण्डारीलाई खानेपानी मन्त्रालयमा पठाएर अब्दुललाई उद्योग वाणिज्यको जिम्मेवारी दिइने समझदारी बनेको स्रोतले बतायो । सम्भवतः आज साँझ नभएपनि सोमबार बिहानसम्म मन्त्रालय साटफेर हुने बताइएको छ ।

आदरणिय पाठकवर्ग तपाईहरु संग भएको लेख, रचना, विचार, सुचना, समाचार आदि छन भने हामिलाई उपलब्ध गराउन जानकारी सहित अनुरोध गर्दछौ ।
**टक नेपाल परिवार**
ईमेल : talknepalnationaldaily@gmail.com
सम्पर्क : ९८४१४२०४४६, ९८०७८२१०१४









बर्दिबास मिडिया प्रा.लि. द्वारा प्रकाशित, तुससा माया कार्की, प्रधान सम्पादक : तुलसी रमण काफ्ले, सम्पादक : रंजुकुमारी साह, व्यवस्थापक : नवीन चौधरी र ललन मण्डल, कार्यकारी सम्पादक : बिबेक कुमार महतो, बजार व्यवस्थापक : अनुराग यादव
मुद्रक : आमोश अफसेट प्रिन्टिङ्ग प्रेस बर्दिबास-३, महोत्तरी, प्रधान कार्यालय : बदिबास, महोत्तरी E-mail : talknepalnationaldally@gmail.com